# केराबारी गाउँपालिका

## स्थानीय राजपत्र

केराबारी गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ९) केराबारी, भाद्र १८ गते,२०८२ साल (संख्या ५


## भाग — २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम केराबारी गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### <u>केराबारी गाउँपालिकाको नदीजन्य पदार्थ उत्खनन् संकलन तथा बिक्री मूल्य असुली सम्बन्धी ठेक्का व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८२</u>

**प्रस्तावना :** केराबारी गाउँपालिकाको नदीजन्य पदार्थ उत्खनन् संकलन तथा बिक्री मूल्य असुली सम्बन्धी ठेक्का व्यवस्थापन कार्यविधि, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

केराबारी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम " नदीजन्य पदार्थ उत्खनन् संकलन तथा बिक्री मूल्य असुली सम्बन्धी ठेक्का व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **केराबारी गाउँपालिकाको नदीजन्य पदार्थ उत्खनन् संकलन तथा बिक्री मूल्य असुली सम्बन्धी ठेक्का व्यवस्थापन कार्यविधि, २०७८ को दफा २१ मा संशोधन** : केराबारी गाउँपालिकाको नदीजन्य पदार्थ उत्खनन् संकलन तथा बिक्री मूल्य असुली सम्बन्धी ठेक्का व्यवस्थापन कार्यविधि, २०७८ (यस पछि "मूल कार्यविधि" भनिएको) को दफा २१ को, -

(१) उपदफा (१) मा रहेको “तीस दिनको” सट्टामा “पन्ध्र दिन” राखिएको छ ।

३. **मूल कार्यविधिको दफा २१ मा संशोधन** : मूल कार्यविधिको दफा २१ को उपदफा (२) को सट्टामा देहायको उपदफा (२) राखिएको छ, -

(२) पहिलो पटक सूचना दिएको म्यादभित्र बोलपत्र दाता सम्झौता गर्न नआएमा गाउँपालिकाको अधिकतम हितलाई ध्यानमा राखेर कार्यालयले दोस्रो पटक सात दिन र अन्तिम पटक तीन दिनको सूचना दिन सक्नेछ । त्यसरी पत्राचार गर्दा अन्तिम पटक पत्र बुझेको म्याद भित्र कबोल अङ्क बमोजिम कवुलियत गर्न नआएमा त्यस पछिको बोलपत्र दातालाई ठेक्का दिइने विषय स्पष्ट खोली सूचना तामेल गर्नु गराउनु पर्नेछ ।

आज्ञाले,
जयराम श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत